पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
☏: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

प.सं : २०८२/०८३
च.नं :

मिति:२०८३।०२।०३

## भाडादर जानकारी गरिएको सम्बन्धमा ।

श्री सम्पूर्ण सरोकालवालहरु,
सार्वजनिक बस तथा जिप व्यवसायीहरु सबै,
पैयूँ गाउँपालिका, हुवास पर्वत

प्रस्तुत विषयमा यस पैयूँ गाउँपालिकाको हुवास (हातेमालो चोक) देखि स्याङ्जा जिल्लाको वालिङसम्म सार्वजनिक यातायात बस तथा जिपको प्रयोग गरी यात्रा गर्नुहुने यात्रुहरु लगायत सम्पूर्ण सरोकारवालाहरुले विभिन्न समयमा भाडादरका विषयमा गुनासो गर्नुभएको विषयमा यस पैयूँ गाउँपालिकाको ध्यानाकर्षण भएको छ। सार्वजनिक यातायात (तीन पाङ्ग्रे बाहेक)को भाडा तथा रुटको सम्बन्धमा गाउँपालिकाको क्षेत्राधिकार नभएको तथा सार्वजनिक यातायात (बस तथा जिप) व्यवसायीसँग पालिकाले पटक पटक मौखिक अनुरोध गर्दा समेत भाडादरमा कुनै पनि परिवर्तन नहुनु तथा सर्वसाधारण नागरिकको समयमा समस्या समाधान गर्न नसक्नु आफैमा दुःखको कुरा हो।

भाडादरका विषयमा सरोकारवाला सबैको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय,पर्वतको मिति २०८२/०५/२३ तथा जिल्ला प्रशासन कार्यालय स्याङ्जाको मिति २०८२/०६/१२ को निर्णयका साथै इन्धनको बजार मुल्य बृद्धि भई मिति २०८२/१२/२५ मा अन्तर प्रदेश सार्वजनिक यातायातका यात्रुबाहक तथा मालवाहक सवारीको मूल्य समायोजन गरिएको सम्बन्धको सूचना बमोजिम तपसिल बमोजिमको भाडादर लिनु/दिनुहुन र सर्वसाधारण यात्रुहरुले देख्नेगरी पारदर्शी तबरले भाडादर टाँस गर्नुहुन सम्बन्धित सबैमा जानकारी गरिन्छ।

| क्र.सं. | सडकको नाम | कि.मि. | बसको भाडादर (समायोजित) प्रतिव्यक्ति | जिपको भाडादर (समायोजित) प्रतिव्यक्ति |
|---|---|---|---|---|
| १ | वालिङ हुवास सडक | २०.३ | अधिकतम १८० रुपैया | अधिकतम २३० रुपैया |

साथै यस विषय जानकारी गराउँदा लिइएको सन्दर्भ सामग्रीहरु, निर्णयहरु र पैयूँ क्षेत्रभित्रका अन्य भाडादरहरु यसैसाथ प्रकाशन गरिएको छ।

तोरण मल्ल ठकुरी
अध्यक्ष